# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण








**२०७२ पुस**

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।

# भूमिका

मुलुकको केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकले आफ्ना काम कारवाहीहरु सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नु आवश्यक हुन्छ । यसका लागि विगत देखि नै बैंकले नियमित रुपमा विभिन्न सामग्री प्रकाशन गरिरहेको छ । यसका साथै बैंकको वेबसाइट www.nrb.org.np समेत संचालनमा रहेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका काम कारवाहीलाई खुला र पारदर्शी बनाउनु पर्ने हुन्छ । यस ऐनले सार्वजनिक निकायलाई विभिन्न विषयवस्तु समेटेर विवरणहरु प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । यस ऐन बमोजिमका विषयवस्तु समेटी यो पुस्तिका प्रकाशन गरिएको छ ।

यस पुस्तिका प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित विभागका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

कार्यकारी निर्देशक<br>
तथा<br>
प्रवक्ता एवं सूचना अधिकारी

मितिः २०७२ पुस

# विषय सूची


| विवरण | | पेज नं. |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक | १ |
| २. | संगठनात्मक स्वरुप | २ |
| ३. | नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या | २ |
| ४. | कार्य क्षेत्र | ३ |
| ५. | नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा | ४ |
| ६. | विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर | ४ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ५ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| १०. | सम्पादन गरेको कामको विवरण | ६ |
| ११. | सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर | ८ |
| १२. | ऐन नियम र निर्देशिकाको सूची | ९ |
| १३. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण | १० |
| १४. | अन्य विवरण | १० |

## १.  नेपाल राष्ट्र बैंक

(क)  परिचय

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार मुलुकको केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । नेपाली मुद्राको निष्कासन, बैंकिङ क्षेत्रको नियमन, निरीक्षण, सुपरिवेक्षण, अनुगमन, मूल्य स्थिरता, शोधनान्तर स्थिरता, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान तथा अन्वेषण, बैंकिङ तथा भुक्तानी प्रणालीको विकास लगायतका क्षेत्रमा नेपाल राष्ट्र बैंकले कार्य गर्दछ । नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकार पनि हो ।

(ख)  दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रुपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

(ग)  लक्ष्य

मौद्रिक, विदेशी विनिमय र वित्तीय क्षेत्रसम्बन्धी सबल (sound) र प्रभावकारी नीतिका माध्यमबाट समग्र आर्थिक स्थिरता हासिल गर्ने ।

(घ)  उद्देश्य

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा नेपाल राष्ट्र बैंकका देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएको छ ।

(क)  अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरताकायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

(ख)  बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व र आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने,

(ग)  सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,


(घ)  बैंकिङ तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने, र

(ङ)  नेपालको समग्र बैंकिङ तथा वित्तीय प्रणालीको सम्वर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने ।

उपरोक्त उद्देश्यमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

## २. संगठनात्मक स्वरुप

नेपाल राष्ट्र बैंकको संगठन तालिका यस प्रकार रहेको छ :




## ३. नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या:

### २०७२ सालको लागि स्वीकृत दरवन्दी विवरण

| सि.न. | विभाग/महाशाखा/इकाई/कार्यालय | अधिकृत विशिष्ट | अधिकृत प्रथम | अधिकृत द्वितीय | अधिकृत तृतीय | सहायक प्रथम | सहायक द्वितीय | सहायक तृतीय | कार्यालय सहयोगी प्रथम | कार्यालय सहयोगी द्वितीय | कार्यालय सहयोगी तृतीय | कार्यालय सहयोगी चतुर्थ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री गभर्नरको कार्यालय | १ | २ | ४ | १३ | १ | २ | २ | २ | २ | | ३ | ३२ |
| २ | जनशक्ति व्यवस्थापन विभाग | १ | २ | ५ | १४ | ४ | २ | १ | ३ | | | १ | ३३ |
| ३ | अतिरिक्त दरवन्दी | | ७ | ३४ | १५ | ६ | १५ | १० | | | | | ८७ |
| ४ | संस्थागत योजना विभाग | १ | १ | ४ | ९ | ० | ० | १ | १ | | | १ | १८ |
| ५ | सामान्य सेवा विभाग | १ | २ | ८ | १६ | १६ | १२ | १४ | ७ | १ | २ | ७ | ८६ |
| ६ | वित्त व्यवस्थापन विभाग | १ | २ | ७ | १९ | ४ | २ | २ | १ | १ | | २ | ४१ |
| ७ | अनुसन्धान विभाग | १ | ५ | १२ | ४६ | १ | ३ | १ | २ | २ | | ३ | ७६ |
| ८ | विदेशी विनिमय व्य. विभाग | १ | २ | ८ | ३२ | ० | १ | १ | २ | २ | | १ | ५० |
| ९ | कानून महाशाखा | | १ | ३ | ११ | ० | ० | १ | | १ | | | १७ |
| १० | वित्तीय जानकारी इकाई | | १ | ४ | १७ | ० | १ | १ | १ | | | १ | २६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | आन्तरिक लेखापरीक्षण विभाग | 1 | १ | ५ | १४ | १ | १ | ० | १ | | | १ | २५ |
| १२ | बैंक सुपरिवेक्षण विभाग | 1 | ३ | १८ | ३८ | १ | १ | ० | | १ | | १ | ६४ |
| १३ | बै.त.विं.सं.नि.वि. | 1 | ३ | १२ | २५ | ० | १ | १ | १ | | १ | १ | ४६ |
| १४ | लघु वित्त प्र.तथा सु. विभाग | 1 | २ | ६ | ३१ | ० | १ | ० | १ | १ | | १ | ४४ |
| १५ | बैंकर्स प्रशिक्षण केन्द्र | | १ | ४ | ८ | ० | २ | ० | १ | १ | | | १७ |
| १६ | राष्ट्र ऋण व्यवस्थापन विभाग | 1 | १ | ४ | १७ | ० | १ | २ | १ | १ | | १ | २९ |
| १७ | सूचना प्रविधि विभाग | | १ | १२ | ८ | ० | ८ | ० | १ | १ | | | ३१ |
| १८ | वित्त कम्पनी सुपरिवेक्षण विभाग | 1 | २ | ६ | १६ | ० | १ | ० | | | १ | १ | २८ |
| १९ | विकास बैंक सुपरिवेक्षण विभाग | 1 | ३ | १६ | ३४ | ० | १ | १ | १ | | | २ | ५९ |
| २० | बैंकिङ्ग कार्यालय | 1 | ३ | ८ | ७१ | १६ | १९ | २३ | ९ | ४ | १ | २ | १५७ |
| २१ | मुद्रा व्यवस्थापन विभाग | 1 | २ | ५ | ३६ | १२ | १५ | १८ | ६ | ४ | १ | ८ | १०८ |
| २२ | समस्याग्रस्त संस्था रिजोल्युसन महाशाखा | | १ | २ | ५ | ० | १ | ० | | | | १ | १० |
| २३ | भुक्तानी तथा फछ्र्यौट विभाग | 1 | २ | ४ | ८ | | १ | | ० | | | | १६ |
| २४ | विराटनगर कार्यालय | | १ | ३ | २७ | ४ | २३ | १० | ३ | | १ | ५ | ७७ |
| २५ | जनकपुर कार्यालय | | १ | ३ | १० | ५ | २१ | ५ | ५ | २ | | ३ | ५५ |
| २६ | वीरगञ्ज कार्यालय | | १ | ३ | १७ | ३ | २३ | ४ | २ | १ | १ | ४ | ५९ |
| २७ | पोखरा कार्यालय | | १ | ३ | २३ | १ | १९ | ७ | ६ | १ | | ३ | ६४ |
| २८ | सिद्धार्थनगर कार्यालय | | १ | ३ | १७ | १ | १४ | ११ | ३ | २ | | ३ | ५५ |
| २९ | नेपालगञ्ज कार्यालय | | १ | ३ | १७ | २ | २६ | ७ | २ | २ | | २ | ६२ |
| ३० | धनगढी कार्यालय | | १ | ३ | १२ | १ | १८ | ५ | | १ | | ४ | ४५ |
| **जम्मा** | | **१७** | **५७** | **२१२** | **६२६** | **७९** | **२३५** | **१२८** | **६२** | **३१** | **८** | **६२** | **१५१७** |

## ४. कार्य क्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा नेपाल राष्ट्र बैंकका देहाय बमोजिमका कार्यहरु निर्धारण गरिएको छ ।

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

(ञ) यस ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नु पर्ने अन्य आवश्यक कार्यहरु कार्यान्वयन गर्ने, गराउने ।

## ५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका कार्यहरु

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिंग सेवा प्रदान गर्ने

(ग) सर्वसाधारणलाई नेपाली रुपैया सटही सुविधा उपलब्ध गराउने ।

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने ।

(ङ) बैंकको दैनिक प्रशासन सम्बन्धी कार्यहरु ।

## ६. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर

| सि.नं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा/कार्यालय | टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | कार्यकारी निर्देशक श्री प्रदीपराज पाण्डे | वित्त व्यवस्थापन विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| २. | कार्यकारी निर्देशक श्री हरिप्रसाद काफ्ले | विकास बैंक सुपरिवेक्षण विभाग | ०१-४४४१-०५२ |
| ३. | कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी | गभर्नरको कार्यालय | ०१-४४१९-८०४ (८०५-८०७) |
| ४. | कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ | राष्ट्र ऋण व्यवस्थापन विभाग | ०१-४१०१-७२० (७२१-७२४) |
| ५. | कार्यकारी निर्देशक श्री महेश भट्टराई | भुक्तानी तथा फछ्र्यौट विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| ६. | कार्यकारी निर्देशक श्री शिबराज श्रेष्ठ | जनशक्ति व्यवस्थापन विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| ७. | कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेल | बैंक सुपरिवेक्षण विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| ८. | कार्यकारी निर्देशक श्री नरबहादुर थापा | अनुसन्धान विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| ९. | कार्यकारी निर्देशक डा. विनोद आत्रेय | लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | ०१-४४१३-१३६ |
| १०. | कार्यकारी निर्देशक श्री जनकबहादुर अधिकारी | वित्त कम्पनी सुपरिवेक्षण विभाग | ०१-४४१४-९९६ |

| | | | |
|---|---|---|---|
| ११. | कार्यकारी निर्देशक श्री भीष्मराज ढुंगाना | विदेशी विनिमय व्यवस्थापन विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| १२. | कार्यकारी निर्देशक श्री लक्ष्मीप्रपन्न निरौला | सामान्य सेवा विभाग विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| १३. | कार्यकारी निर्देशक श्री चिन्तामणि सिवाकोटी | मुद्रा व्यवस्थापन विभाग | ०१-४१०१-७२० (७२१-७२४) |
| १४. | कार्यकारी निर्देशक श्री शंकरप्रसाद आचार्य | संस्थागत योजना विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| १५. | कार्यकारी निर्देशक श्री राजन विक्रम शाह | बैंकिङ कार्यालय | ०१-४४१९-८०४ (८०५-८०७) |
| १६. | कार्यकारी निर्देशक श्री शिवनाथ पाण्डे | बैंक तथा वित्तीय संस्था नियमन विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| १७. | का.मु. कार्यकारी निर्देशक श्री महेश्वर लाल श्रेष्ठ | आन्तरिक लेखा परिक्षण विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| १८. | निर्देशक श्री ऋषिकेश भट्ट | वित्तीय जानकारी इकाई | ०१-४४१९-८०४ (८०५-८०७) |
| १९. | निर्देशक रेवतीप्रसाद नेपाल | समस्याग्रस्त संस्था रिजो. महाशाखा | ०१-४४१९-८०४ (८०५-८०७) |
| २०. | निर्देशक श्री शिवराम दवाडी | सूचना प्रविधि विभाग | ०१-४४१९-८०४ (८०५-८०७) |
| २१. | का.मु. निर्देशक श्री रामहरि न्यौपाने | कानून महाशाखा | ०१-४४१९-८०४ (८०५-८०७) |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुरः सामान्यतयाः यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्न लागि टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिए बमोजिमको शुल्क बुझाउनु पर्ने हुन्छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधि : सेवा प्राप्त गर्न यस बैंकबाट जारी निर्देशिका, सूचना र बडापत्रमा उल्लेख भए बमोजिमको अवधि लाग्ने छ ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस बैंकमा गरिने निर्णयहरु सामान्यतया नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०३५ बमोजिम हुने गर्दछन् । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीति लगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरुका सम्बन्धमा वरिष्ट डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ ।

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतमा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई सो समितिको निर्णय अनुसार अख्तियारी अनुसार गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी निर्णय गर्ने अधिकारीभन्दा एकतह माथिको अधिकारी वा निकाय हुनेछ ।

## १०. सम्पादन गरेको कामको विवरण

(क) मौद्रिक नीति अन्तर्गतका कार्यहरुको प्रगति विवरण (आर्थिक वर्ष २०७२/७३)

| क.सं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७१/७२ मा वार्षिक औसत मुद्रास्फीति दरलाई ८ प्रतिशतमा कायम राख्ने । | आर्थिक वर्ष २०७२/७३ को मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.६ प्रतिशत रहेको छ । |
| २ | कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्नसक्ने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | आर्थिक वर्ष २०७२/७३ को पाँच महिनाको आयातलाई आधार मान्दा २०७२ मंसिर मसान्तमा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २३.४ महिनाको वस्तु आयात र १८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । |
| ३ | ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन आवश्यक मौद्रिक तरलताको व्यवस्था गर्ने । | आर्थिक वर्ष २०७२/७३ को मंसिर मसान्तसम्ममा कुल आन्तरिक कर्जा ०.३ प्रतिशतले घटेको छ । |
| ४ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १६.० प्रतिशतको हाराहारीमा कायम राख्ने । | आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा मंसिर मसान्तसम्ममा विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले बढेको छ । |
| ५ | निजी क्षेत्रतर्फको कर्जा १८ प्रतिशतले बढ्ने । | आर्थिक वर्ष २०७२/७३ को पाँच महिनामा मंसिर |

| क्र.सं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.३ प्रतिशत (रु. ४३ अर्ब ७२ करोड) ले बढेको छ। |

(ख) आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न प्रमुख कार्यहरु:

१. मौद्रिक व्यवस्थापनः आर्थिक वर्ष २०७२/७३ को मंसिर मसान्तसम्ममा नेपाल राष्ट्र बैंकले २७७ अर्ब ८० करोड रुपैंयाको तरलता प्रशोचन गरेको छ। यस अन्तर्गत निक्षेप बोलकबोलमार्फत् रु. १८३ अर्ब ४० करोड, रिभर्स रिपोमार्फत् रु. ८५ अर्ब ३० करोड र सोझै बिक्री बोलकबोलमार्फत् रु. ९ अर्ब १० करोडको तरलता प्रशोचन गरिएको छ। यसरी, नेपाल राष्ट्र बैंकले बजारमा रहेको अत्याधिक तरलता व्यवस्थापन गरी वित्तीय क्षेत्रमा स्थिरता कायम राख्नुका साथै मौद्रिक नीतिका विभिन्न लक्ष्यहरुलाई समेत हासिल गर्न महत्वपूर्ण भूमिका खेलिरहेको छ।

२. विदेशी विनिमय व्यवस्थापनः २०७२ मंसिर मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२४ अर्ब ६ करोडको तुलनामा १९.६ प्रतिशतले वृद्धि भई रु. ९८५ अर्ब ५२ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ८४५ अर्ब ८९ करोड छ भने बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १३९ अर्ब ६४ करोड पुगेको छ।

आर्थिक वर्ष २०७२/७३ को पाँच महिनाको आयातलाई आधार मान्दा २०७२ मंसिर मसान्तमा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २३.४ महिनाको वस्तु आयात र १८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

३. बैंक तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनः नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७२ मंसिर मसान्तमा १९० रहेको छ। यसमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त विकास बैंकहरुको संख्या क्रमशः ३०, ७३, ४७ र ४० रहेको छ।

त्यसैगरी, वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढ्दै गएको छ। बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८ कार्यान्वयनमा आएपछि २०७२ मंसिर मसान्तसम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन्।

२०७२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको समग्र निष्क्रिय कर्जाको अनुपात ३.०३ प्रतिशत रहेको छ। त्यसैगरि, कुल निक्षेप र कुल कर्जा कुल ग्राहस्थ उत्पादनको ८६.८१ प्रतिशत र ६६ प्रतिशत रहेका छन् भने विपन्न वर्गमा प्रवाहित कर्जा कुल कर्जाको ५.३६ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुको तरल सम्पत्ति कुल निक्षेपको २९.९५ प्रतिशत रहेको छ भने पूँजी पर्याप्तता अनुपात १२.८८ प्रतिशत रहेको छ। २०७२ कात्तिक मसान्तमा निक्षेपमा भारित औसत ब्याजदर ३.५२ प्रतिशत रहेको छ भने कर्जामा यो ब्याजदर ९.३१ प्रतिशत रहेको छ।

वित्तीय सेवाको माग पक्षलाई सुदृढीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम र विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमलाई निरन्तरता दिइराखिएको छ।

४. अन्तर्राष्ट्रिय सम्मेलनः गभर्नर डा. चिरंजीबि नेपालले १७ डिसेम्बर २०१५ मा नेपाल राष्ट्र बैंकद्वारा काठमाडौंमा आयोजित South East Asia, New Zealand, Australia (SEANZA) Advisors' Meeting, 2015 को उदघाटन गर्नुभयो ।
SEANZA Forum सन् १९५६ मा स्थापित दक्षिण पूर्वी एशिया तथा न्यूजिल्याण्ड र अस्ट्रेलियाका केन्द्रीय बैंकहरुको सञ्जाल हो । बङ्गलादेशको ढाकामा ३० अगस्ट २०१४ मा आयोजित २९औं Governor Symposium मा SEANZA को ३० औं कार्यक्रमको सन्दर्भमा निर्धारित SEANZA Advisors' Meeting, Governor Symposium तथा Central द्यबलपष्लन Course नेपालले आयोजना गर्ने निर्णय भए अनुरुप यो कार्यक्रम नेपाल राष्ट्र बैंकले आयोजना गरेको हो ।

५. अनुसन्धानः अनुसन्धान विभागले राष्ट्रका प्रमुख आर्थिक तथा वित्तीय सुचाङ्कहरुको जानकारी दिने मासिक प्रकाशन -'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति ' को मंसिरसम्मको अङ्क सार्वजनिक गरेको छ । नेपालको मौद्रिक नीतिको ढाँचाको समिक्षा शीर्षकमा अनुसन्धान विभागले कार्यपत्र पेश गरेको छ ।

यस बैकबाट विभिन्न आर्थिक वर्षमा भएका काम कारवाहीको विस्तृ विवरण निम्न अनुसारको लिंकमा गई हेर्न सकिने व्यवस्था गरिएको छ ।

http://nrb.org.np/ofg/events_ofg/Governor's_Speeches--Key_Note_remarks_for_National_Conference_on_Financial_Inclusion_in_Nepal-new.pdf

http://nrb.org.np/ofg/current_macroeconomic/CMEs_Five%20_Months_%20Nepali%202072.73%20final.pdf

http://nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_%28in_Nepali%29--2072-73_%28Full_Text%29-new.pdf

## ११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

प्रमुखः
गभर्नर डा. चिरंजीबि नेपाल
फोन नं.: ०१-४४१९-८०४
(८०५-८०७)

सूचना अधिकारी तथा प्रवक्ता :
कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी
फोन नं.: ०१-४४१९-८०४
(८०५-८०७)

सह-प्रवक्ता :
निर्देशक श्री राजेन्द्र पण्डित
फोन नं.: ०१-४४१९-८०४
(८०५-८०७)

सहायक सूचना अधिकारी :
उप-निर्देशक श्री विभु प्रसाद अर्याल
फोन नं.: ०१-४४१९-८०४
(८०५-८०७)

## १२. ऐन नियम र निर्देशिकाको सूची

**ऐनहरु**

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (संशोधन सहित)।
२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित)।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ (संशोधन सहित)।
५. राष्ट्र ऋण ऐन, २०५९।
६. कम्पनी ऐन, २०६३।
७. दामासाही ऐन, २०६३।
८. सुरक्षित कारोबार ऐन, २०६३।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३।
१०. सार्वजनिक खरिद ऐन, २०६३।
११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (पहिलो सशोधन) ऐन, २०६८।
१२. बैकिङ कसुर तथा सजाय ऐन, २०६४।
१३. सूचनाको हक सम्बन्धी ऐन, २०६४।

**विनियमावली तथा निर्देशिका**

१. खुला बजार कारोबार विनियमावली, २०७१।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१।
५. वित्तीय मध्यस्थता सम्बन्धी विनियमावली, २०५६।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५।
१०. ऋणपत्रको प्राथमिक तथा दोश्रो बजार व्यवस्थापन नियमावली,२०६१।
११. राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०६०।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित)।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५।
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ (पहिलो संशोधन २०६८ सहित)।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोश्रो संशोधन २०६७ सहित)।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९।
१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९।
१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९।
२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९।
२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७०।
२२. नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३।
२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३।
२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४।
२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधन सहित)।
२६. Nepal Rastra Bank IT Policy, 2068
२७. मर्जर विनियमावली, २०६८।

२८. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति ।
२९. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।
३०. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७०
३१. बिदेशी विनिमयमा ऋण लिने । दिने सम्बन्धी व्यबस्था ।
३२. बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७० ।
३३. लघुवित्त नीति, २०६४ ।
३४. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।
३५. BOP Manual, 2061

## १३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

नै.का.१७४

**नेपाल राष्ट्र बैङ्क**

२०७२ पुस ३० गतेको मासिक वासलात (अपरिष्कृत)

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ दफा ९३ (२) बमोजिम

मुद्रा व्यवस्थापन विभाग

| दायित्व | रु. | रु. | सम्पत्ति | रु. | रु. |
|---|---|---|---|---|---|
| १. बैंकिङ्ग अफिसमा नोट मौज्दात | ५,१४५,५०८,५६९ | | १. विदेशी मुद्रा र सेक्युरिटी | | ३५६,८६०,०००,००० |
| २. चलन चल्तीमा रहेको नोट | ३५१,७१४,४९१,४३१ | | | | |
| जम्मा निष्काशित नोट | | ३५६,८६०,०००,००० | | | |
| जम्मा दायित्व | | ३५६,८६०,०००,००० | जम्मा सम्पत्ति | | ३५६,८६०,०००,००० |

वैकिङ्ग विभाग

| इक्वीटी तथा दायित्व | रु. | सम्पत्ति | रु. |
|---|---|---|---|
| १ मुलधन | ३,०००,०००,००० | १ नोट | ५,१४५,५०८,५६९ |
| २ साधारण जगेडा कोष | २१,६६८,८३२,७५० | २ रेन्की | - |
| ३ मौद्रिक दायित्व कोष | ३,४८९,९५९,३७९ | ३ विदेशी मुद्रा | १७,७६४,१२८,१६६ |
| ४ विकास कोषहरु | १३,७९४,२४५,०२५ | ४ विदेशी बैंक मौज्दात | १५८,८८७,९८८,०२१ |
| ५ घ.सा.उ. विकास कोष | - | ५ एस.डी.आर. संचिती | ३,५००,४४५,०७१ |
| ६ सटही समिकरण कोष | ६४,६४४,७८९,०७८ | ६ विदेशी बण्ड | १२६,६१६,९९८,७५१ |
| ७ सुनचाँदी समिकरण कोष | ४,४८०,१९१,१३७ | ७ खरिद र डिस्काउण्ट गरेको बिल | |
| ८ सेक्युरिटी पुनरमुल्यांकन कोष | (१०३,५५०) | (क) स्वदेशी | ६०,२७९,८४१ |
| ९ निक्षेप | | (ख) विदेशी | ३०,८०१ |
| (क) नेपाल सरकार | ७६,२१४,१६७,७०५ | ८ लगानी | |
| (ख) वाणिज्य बैङ्कहरु | ९८,३०३,२१८,०९४ | क. विदेशी सेक्युरिटी | २१६,१९९,६६१,४९३ |
| (ग) विशेष निक्षेप | १४१,१५०,०००,००० | ख. नेपाल सरकारको सेक्युरिटी | २१,२२२,२८५,५१७ |
| (घ) अन्य | ८२,८४०,६५०,१९७ | ग. वित्तीय र संस्थानहरुको सेक्युरिटी | २,४२३,७६१,८८८ |
| १० भुक्तानी दिनुपर्ने बिल | ६५९,३८७,८०९ | घ. रिपो विदेशी | - |
| | | ङ. अन्य संस्थानहरुको सेक्युरिटी | ३१,०००,००० |
| ११ रिभर्सरिपो सेक्युरिटी बापतको दायित्व | ५,०००,०००,००० | ९ कर्जा र सापट | |
| १२ एस.डी.आर. बाँडफाँड | १०,०७४,३१४,१७८ | क. नेपाल सरकारलाई | - |
| १३ अन्य दायित्व | ५७,२७६,९९२,४५७ | ख. वाणिज्य बैंकहरुलाई | १,४७६,८३०,२१९ |
| | | ग. वित्तीय संस्थाहरुलाई | ५०,९००,००० |
| | | घ. स्थायी तरलता सुविधा | - |
| | | ङ. अन्य कर्जा र सापट | ४,४९५,९८५,०४० |
| | | १० सुन मौज्दात | १,६११,९२७,५६७ |
| | | ११. अन्य सम्पत्ति | २३,१०८,९१३,३१४ |
| जम्मा इक्वीटी तथा दायित्व | ५८२,५९६,६४४,२५८ | जम्मा सम्पत्ति | ५८२,५९६,६४४,२५८ |

| | | | |
|---|---|---|---|
| (स्नेहा अग्रवाल) | (शैलेन्द्र रेग्मी) | ( किशोर कुमार ढकाल ) | (धनन्जय शर्मा) |
| सहायक निर्देशक | उप-निर्देशक | का.मु.निर्देशक | नि. कार्यकारी निर्देशक |

## १४. अन्य विवरण

(क) नेपाल राष्ट्र बैंकको वेबसाइट : www.nrb.org.np

(ख) अन्य प्रकाशित पुस्तक/पुस्तिका एवं सूचना सामग्रीहरु

नेपाल राष्ट्र बैंक समाचार – मासिक

मिर्मिरे– द्वैमासिक

देशको वर्तमान आर्थिक स्थिति – मासिक

मौद्रिक नीति – वार्षिक

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्ध वार्षिक

वार्षिक प्रतिवेदन– वार्षिक

NRB Economic Review– अर्धवार्षिक
Macroeconomic Indicators– त्रैमासिक
वासलात– मासिक
Nepal Rastra Bank: Then, Now and Ahead; April 2014
विद्यार्थीसंग नेपाल राष्ट्र बैंक, २०७० पुस

(ग) केन्द्रीय कार्यालयका टेलिफोन नम्बरहरु
केन्द्रीय कार्यालय, बालुवाटरका एक्सचेन्जका नम्बरहरु
४४१९८०४/८०५/८०६/८०७
बैंकिङ कार्यालय काठमाडौ, थापाथलीका एक्सचेन्जका नम्बरहरु
४१०१७२०/७२१/७२२/७२३/७२४

(घ) उपत्यका बाहिरका कार्यालयका टेलिफोन नम्बरहरु

| सि.नं. | कार्यालयको नाम | स्थान | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | ने.रा.बैंक, विराटनगर कार्यालय | विराटनगर | ०२१-५२६-५२२ | ०२१-५२६-५१९ |
| २. | ने.रा.बैंक, जनकपुर कार्यालय | जनकपुर | ०४१-५२०-३६२ | ०४१-५२०-३०२ |
| ३. | ने.रा.बैंक, वीरगंज कार्यालय | वीरगंज | ०५१-५२२-५९८ | ०५१-५२१-९०२ |
| ४. | ने.रा.बैंक, पोखरा कार्यालय | पोखरा | ०६१-४६५-११५ | ०६१-६६२-५६१ |
| ५. | ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय | सिद्धार्थनगर | ०७१-५२०-३४४ | ०७१-५२०-१८९ |
| ६. | ने.रा.बैंक, नेपालगञ्ज कार्यालय | नेपालगञ्ज | ०८१-५२०-६८३ | ०८१-५२०-२२६ |
| ७. | ने.रा.बैंक, धनगढी कार्यालय | धनगढी | ०९१-५२७-७०१ | ०९१-५२१-३२२ |